# भाग ४

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।३।२७ को निर्णयानुसार यस सचिवालय-अन्तर्गत पाँचै विकास क्षेत्रका क्षेत्रीय योजना कार्यालयहरू काठमाडौं, धनकुटा, पोखरा, सुर्खेत र दिपायलको लागि नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणीका सह-सचिव सरहको क्षेत्रीय योजना निर्देशक कायम गरी कार्यालय प्रमुख तोकी साविकको कार्यालय प्रमुख रा.प द्वि. श्रेणीको क्षेत्रीय योजना अधिकृत पदलाई सहायक क्षेत्रीय योजना निर्देशक पदमा परिणत गरी मिति २०४२।४।१ देखि लागू गर्ने गरी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
शङ्करकृष्ण मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री माधवलाल तवदार बैंककमा हुने एशिया तथा प्रशान्त क्षेत्रका लागि श्रम प्रशासन आयोजनासम्बन्धी बैठकमा भागलिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री नीलकण्ठराव पाध्येलाई मिति २०४२।५।२ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

## भूलसुधार

खण्ड ३३ मिति २०४०।१०।२ संख्या ३६ को नेपाल राजपत्र भाग ३ को पृष्ठ ५ मा प्रकाशित यस मन्त्रालयको सूचनामा प्रकाशित महिनाको नाम 'माघ' हुनु पर्नेमा 'मंसीर' हुनगएकोले भूलसुधार गरिएको छ।

वाणिज्य मन्त्रालय



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८